# आफु पनि हुलाक सेवाको प्रयोग गरौं र अरुलाई पनि प्रयोग गर्ने प्रेरित गरौँ

सूचना तथा संचारको क्षेत्रमा चिठ्ठीपत्र आदान प्रदानको माध्यमबाट हुलाक सेवा वि.सं.1935 सालमा स्थापना भएको हो। नेपालको हुलाक सेवाले वि.सं.2013 सालमा विश्व हुलाक संघको सदस्यता प्राप्त गरी निर्वाध रुपम सेवा प्रवाह गर्दै आएको छ। प्रविधिको विकाससँगै विकसित भएको नेपालको हुलाक सेवाबाट सेवाग्राहीले निम्न सेवाहरु प्राप्त गर्न सकिने व्यहोरा सबैको जानकारीका लागि यो जानकारीमूलक सूचना प्रकाशित गरिएको छ।

- चिठ्ठी पत्र - आन्तरिक तर्फ मुलुकभर र वैदेशिक तर्फ 71 देशहरुमा साधारण र रजिष्ट्रि चिठ्ठी पत्र आदान प्रदान हुँदै आएको छ ।
- द्रुत डाँक सेवा (EMS) - द्रुत डाँक सेवा (EMS) नेपाल बाहिरका 39 देशमा सञ्चालनमा रहेको छ। त्यसैगरी नेपाल भित्र 45 जिल्लामा उक्त सेवा सञ्चालनमा रहेको हुँदा सो सेवा लिन सकिने छ ।
- पुलिन्दा सेवा (Parcel) - हाल विश्वका सम्पूर्ण देशहरुबाट पुलिन्दा (Parcel) नेपालमा प्राप्त गर्न सकिने साथै नेपालबाट बाहिरका 71 देशका 93 गन्तव्यमा सहज तथा सरल रुपमा सामान पठाउने व्यवस्था रहेको साथै नेपाल भर उक्त सेवा निर्वाध रुपमा संचालनमा रहेको हुँदा उक्त सेवा लिन सकिनेछ।
- पोष्टबक्स सेवा - गोश्वारा हुलाक कार्यालय र उपत्यका बाहिरका मुख्य शहरी क्षेत्रमा पोष्ट बक्स सेवा समेत सञ्चालनमा रहेको हुँदा नयाँ पोष्ट बक्स दर्ता तथा पोष्ट वक्स नवीकरण गरी उक्त सेवा प्राप्त गर्न सकिने छ।
- घुम्ती सेवा - हुलाक सेवा मार्फत काठमाडौं उपत्यका भित्र हुलाक वस्तुको दर्ता तथा वितरण कार्य हुँदै आएकोले उक्त सेवा समेत लिन सकिने छ।
- सामान ढुवानी सेवा - राहदानी विभागकाबाट राहदानी, आन्तरिक राजश्व विभागबाट प्यानकार्ड, कन्सुलर सेवा विभागबाट सरकारी कागजात, यातायात व्यवस्था विभागबाट इम्बोस्ड नम्बर प्लेट, राष्ट्रिय बाणिज्य बैकबाट ATM CARD, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट राष्ट्रिय परिचयपत्र, परराष्ट्र मन्त्रालयबाट Diplomatic Mail, जनस्वास्थ्य प्रयोगशालाबाट ल्यावका सामान तथा कागजातहरु देश भित्र तथा देशबाहिर ढुवानी कार्य भइरहेको हुँदा यस्ता प्रकारका सामान ढुवानी सेवा सहजै लिन सकिनेछ।
- दर्ता वितरण सेवा - 100 वाट सम्मको एफ.एम. रेडियोको इजाजत तथा लाइसेन्सको नवीकरण, 500 वाट सम्मको एफ.एम. रेडियोको लाइसेन्स नवीकरण, पत्रपत्रिका दर्ता तथा नवीकरण, लोक

कल्याणकारी सूचना प्रकाशनको भुक्तानी सम्बन्धी कार्य समेत हुँदै आएकोले उक्त सेवा पनि लिन सकिने छ।

- टिकट विक्री सेवाः विभिन्न दरका हुलाक टिकट सबै हुलाक कार्यालयहरुबाट उपलब्ध गराइदै आएको हुँदा उक्त सेवा समेत लिन सकिनेछ।
- सूचनाको हक कार्यान्वयनः जिल्ला भित्र रहेका सार्वजनिक वा सरकारी निकायहरुबाट सम्पादित कार्यहरु त्रैमासिक रुपमा स्वतःप्रकाशन (Pro-active Discloser) भए नभएको अनुगमन गरी प्रकाशन सम्बन्धी कार्यमा सहजिकरण हुदै आएको छ।

सस्तो, सजिलो, विश्वस्वनीय र भरपर्दो हुलाक सेवा प्राप्त गर्नका लागि आफ्नो नजिक रहेको गोश्वारा हुलाक कार्यालय वा हुलाक निर्देशनालय वा जिल्ला हुलाक कार्यालय वा स्थानीय तहमा रहेका हुलाक कार्यालय र हुलाक काउण्टरबाट हुलाक सेवा लिऔं ।

पुनश्चः विस्तृत जानकारीका लागि हुलाक सेवा विभागको वेवसाइट www.nepalpost.gov.np तथा गोश्वारा हुलाक कार्यालयको वेवसाइट www.gpo.gov.np प्रयोग गर्न सक्नु हुनेछ।